NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था)

The Banker Bank of the Year 2017 NEPAL | The Banker Bank of the Year 2018 NEPAL | The Banker Bank of the Year 2020 NEPAL

च.नं. : एनएमबि/०७८/७९/१११३

मिति : २०७८/०८/१४

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषय : जानकारी सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस बैंकको मिति २०७८/०८/१३ गते सोमबार दिनको ३:०० बजेदेखि बसेको सञ्चालक समितिको ४२८औं बैठकमा यस बैंकको आ. व. २०७७/०७८ को २६औं वार्षिक साधारण सभा मिति २०७८/०९/२२ गते बस्ने र सो सभामा छलफलका लागि संलग्न बमोजिमको प्रस्तावहरु पेश गर्ने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

भवदीय,

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

............................
प्रमोद कुमार दाहाल
कम्पनी सचिव

बोधार्थ :
१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२) श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार ।
३) श्री बैंक सुपरिवेक्षण विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार ।
४) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।
५) श्री सिडिएस एण्ड क्लियरीङ्ग लि., पुतलीसडक ।
६) श्री एनएमबि क्यापिटल लि., नक्साल ।

# छब्बीसौं वार्षिक साधारण सभाको एजेन्डा

**छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ असाढ मसान्तको वासलात र आ.व. २०७७/०७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु पारित गर्ने (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड र एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड समेतको एकीकृत वित्तीय विवरणहरु समेत),

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने (हालका लेखापरीक्षक देव एशोसिएट्स र केएमयु एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्स संयुक्त रुपमा पूनः नियूक्त हुनका लागि योग्य हुनुहुन्छ ।),

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम चुक्ता पूँजी रु.१६,३२,५९,६०,८५२/६६ को ३.३० प्रतिशतका दरले हुन आउने रु.५३,८७,५६,७०८/१४ नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. बैंकको वर्तमान जारी पूँजी रु.१६,३२,५९,६०,८५२/६६ (अक्षेरेपि सोह्र अरब बत्तीस करोड उनन्साठी लाख साठी हजार आठ सय बाउन्न र पैसा छैसट्ठी मात्र) बाट वृद्धि गरी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने,

२. बैंकको जारी पूँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पूँजी पुऱ्याउन वर्तमान चुक्ता पूँजीको १२.५० (बाह्र दशमलव पाँच शुन्य) प्रतिशतको दरले हुन आउने रकम रु.२,०४,०७,४५,१०६/५८ बराबरको बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने,

३. बोनस शेयर जारी भए पश्चात बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोहि बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६ (ख) र (ग) मा संशोधन गर्ने,

४. बैंकको नियमावलीको नियम ३२ को उपनियम १ को ख (१) मा संशोधन गर्ने,

५. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

(ग) **विविध ।**

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड